श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** लागू औषध (नियन्त्रण) ऐन, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "लागू औषध (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।



३५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ मा संशोधन: लागू औषध (नियन्त्रण) ऐन, २०३३ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को खण्ड (ट) मा रहेको "नियुक्ति गरेको" भन्ने शब्दहरू पछि "वा तोकेको" भन्ने शब्दहरू थपिएका छन् ।

३. मूल ऐनको दफा ४ मा संशोधन: मूल ऐनको दफा ४ को,–

(१) खण्ड (क), (ख) र (च) को सट्टा देहायका खण्ड (क), (ख) र (च) राखिएका छन्:–

(क) गांजाको खेती गर्न, उत्पादन गर्न वा सेवन गर्न,

(ख) अफीम वा कोकाको खेती गर्न वा अफीम वा कोकाको पात वा अन्य लागू औषधीको उत्पादन गर्न,

(च) लागू औषधी खरीद गर्ने, संचय गर्ने, राख्ने वा ओसारपसार गर्ने, र

(२) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ:–

"(छ) गांजा बाहेक अन्य लागू औषध सेवन गर्ने ।"

(३) प्रतिबन्धात्मक वाक्यांश पछि देहायको स्पष्टीकरण थपिएको छ:–

"स्पष्टीकरण:– यस दफाको खण्ड (ख), (ग), (घ), (ङ) र (च) को प्रयोजनका लागि "लागू औषध" भन्नाले गांजालाई जनाउने छैन ।"

४. मूल ऐनमा दफा ५क. थप: मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएको छ:–

"५क. चिकित्सकको सिफारिशमा जनाउनु पर्ने: कुनै व्यक्तिले स्वीकृत चिकित्सकको सिफारिश लिई लागू औषध खरिद गर्न आएमा अनुमति पत्र प्राप्त पसलले त्यस्तो व्यक्तिलाई



३३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिकित्सकको सिफारिश बमोजिम लागू औषध बिक्री गरी सकेपछि बिक्री भएको कुरा चिकित्सकको सिफारिशमा जनाई दिनु पर्नेछ ।"

५. मूल ऐनको दफा १० मा संशोधनः मूल ऐनको दफा १० मा रहेको "अदालत" भन्ने शब्दको सट्टा "मुद्दा हेर्ने अधिकारी कहाँ" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

"१४. दण्ड सजायः (१) दफा ४ अन्तर्गत निषेध गरिएको कार्य गर्ने व्यक्तिलाई अपराधको मात्रा अनुसार देहाय बमोजिमको सजाय हुनेछः–

(क) दफा ४ को खण्ड (क) को कार्य गर्ने व्यक्ति मध्ये सेवन गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना र खेती गर्ने वा उत्पादन गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पच्चीस हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय,

(ख) दफा ४ को खण्ड (ख) अन्तर्गतको कार्य गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद र पाँच लाख रूपैयाँसम्म जरीवाना,

(ग) दफा ४ को खण्ड (ग), (घ), (ङ) र (च) अन्तर्गतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षदेखि बीस वर्षसम्म कैद र बीस लाख रूपैयाँसम्म जरीवाना, र

(घ) दफा ४ को खण्ड (छ) अन्तर्गतको कार्य गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय ।

स्पष्टीकरणः– यस उपदफाको प्रयोजनको लागि "अपराधको मात्रा" भन्नाले लागू औषधको



३५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकृति, परिमाण, संचय, खरिद-बिक्री, ओसार-पसार वा निकासी-पैठारीको उद्देश्य, अभियुक्तको गिरोह वा संगठन समेतको आधारमा निर्धारण गरिने अपराधको मात्रा सम्झनुपर्छ ।

(२) दफा ५क. को बर्खिलाप काम गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरीवाना वा दुवै सजाय हुनेछ ।"

७. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६ मा रहेको "कुनै लागू औषध" भन्ने शब्दहरूको सट्टा "गाँजा र औषधोपयोगी अफिम" भन्ने शब्दहरू राखिएका छन् ।

८. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ मा रहेको "नियुक्ति गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "नियुक्त गर्न वा तोक्न सक्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल ऐनमा दफा २१क. थपः मूल ऐनको दफा २१ पछि देहायको दफा २१क. थपिएको छः–

"२१क. मुद्दा हेर्ने अधिकारी र पुनरावेदनः (१) दफा ४ को खण्ड (क) सम्बन्धी कसूर बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी गठन गरेको वा तोकेको अदालतलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अदालतले यस ऐन अन्तर्गतको मुद्दामा कारवाई र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि तथा अधिकार प्रयोग गर्नेछ ।

(३) उपदफा (१) अन्तर्गतको अदालतले गरेको फैसला वा अन्तिम आदेश उपर चित्त नबुझ्ने व्यक्तिले क्षेत्रीय अदालतमा पुनरावेदन गर्न सक्नेछ ।"



३५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनमा दफा २२क. थप: मूल ऐनको दफा २२ पछि देहायको दफा २२क. थपिएको छः–

"२२क. मुद्दाको तहकिकात र दायरी: (१) सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको तहकिकात औषध नियन्त्रण अधिकारीले आफै गन वा प्रहरी कर्मचारीबाट गराउनेछ र तहकिकातको काम पूरा भएपछि तहकिकात गर्ने अधिकारीले औषध नियन्त्रण प्रशासनको नामबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा सम्बन्धित अधिकारीले सरकारी वकीलको राय सल्लाह लिनु पर्नेछ ।"

११ मूल ऐनमा दफा २३क. थप: मूल ऐनको दफा २३ पछि देहायको दफा २३क. थपिएको छः–

"२३क. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को खण्ड (क) को उप खण्ड (७) बमोजिम तोकिदिएका प्राकृतिक वा कृत्रिम लागू औषध तथा मनोद्दीपक पदार्थ र तिनका लवणहरूका सम्बन्धमा औषधीसम्बन्धी ग्रन्थ (फर्माकोपिया) हरूमा तोकिएको नाम र परिमाणका टेवलेट, क्याप्सुल, इन्जेक्सन जस्ता फर्मास्यूटिकल बनोटका औषधीको उत्पादन, बिक्री वितरण, निकासी-पैठारी, संचय र सेवन औषधी ऐन, २०३५ बमोजिम हुनेछ ।

तर त्यस्ता लागू औषध र मनोद्दीपक पदार्थहरूका कच्चा पदार्थ (कोरा रसायन) हरूको उत्पादन, बिक्री वितरण, निकासी-पैठारी, संचय र सेवनको सम्बन्धमा यसै ऐनबमोजिम हुनेछ ।"



३९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. मुद्दा सर्ने: यो ऐन प्रारम्भ हुनु भन्दा अगावै कुनै अदालतमा दायर भई कारवाई भइरहेका दफा ४ को खण्ड (क) अन्तर्गतका कसूर सम्बन्धी मुद्दाहरू जिल्ला अदालतमा र सो बाहेक यस ऐन अन्तर्गतका अन्य मुद्दाहरू दफा २१क. को उपदफा (१) अन्तर्गतको अदालतमा सर्नेछन् ।"

लालमोहर सदर मिति:– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### जिउ मास्ने बेच्ने कार्य नियन्त्रण गर्न बनेको ऐन

प्रस्तावना: सर्वसाधारण जनताको हित संरक्षण गर्न र सदाचार कायम राख्न जिउ मास्ने बेच्ने काममा रोक लगाउन वाञ्छनीय भएकोले,



३५६ ५२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. ऐनको वहिर्क्षेत्रीय प्रयोगः कसैले यो ऐनबमोजिम सजाय हुने कसूर नेपाल अधिराज्यबाहिर बसी गरेको भए तापनि निजले त्यस्तो कसूर नेपाल अधिराज्यभित्र बसी गरे सरह मानी निजलाई यस ऐनबमोजिम कारबाई र सजाय हुनेछ।

३. जिउ मास्ने बेच्ने कार्य गर्न नहुनेः कसैले जिउ मास्ने बेच्ने कार्य गर्नु हुँदैन।

४. जिउ मास्ने बेच्ने मानिने कार्यहरूः कसैले देहायका कुनै कार्य गरेमा निजले जिउ मास्ने बेच्ने कार्य गरेको मानिनेछः–

(क) कुनै पनि उद्देश्यले मानिस बेच-बिखन गर्न,

(ख) बेच-बिखन गर्ने उद्देश्यले कुनै मानिसलाई विदेशमा लैजान,

(ग) कुनै स्वास्नी मानिसलाई ललाई-फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दबावमा पारी वा अन्य कुनै तरिकाले वेश्यावृत्तिमा लगाउन,

(घ) माथि खण्डहरूमा लेखिएका कुनै कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पु-याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्ने उद्योग गर्न।

५. उजूर गर्नेः (१) जिउ मास्ने बेच्ने कार्य गरेको वा गर्न लागेको थाहा पाउने कुनै व्यक्तिले कुनै पनि प्रहरी कार्यालयमा उजूर



386

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न सक्नेछ र त्यसरी उजूर गर्दा उजूरवालाले प्राप्त भएसम्मको सबूद समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीलाई प्रहरीले नजीकको जिल्ला अदालतमा पेश गरी अदालतबाट तत्सम्बन्धमा कारवाई गर्न मुनासिब माफिकको कारण देखि अदालतबाट आदेश भएमा प्रहरीले त्यस्तो उजूरीको सम्वन्धमा आवश्यक अनुसन्धान र तहकिकात गर्नेछ ।

६. बयान प्रमाणित गराउने: (१) दफा ५ बमोजिम उजूर गर्ने व्यक्ति बेच-बिखन गर्न वा वेश्यावृत्तिमा लगाउन लगिएको वा बेच-बिखन गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्ति भएमा र त्यस्तो व्यक्ति उपस्थित भएमा सरकारी वकीलको रोहबरमा त्यस्ता व्यक्तिको तत्काल बयान गराई सो बयान प्रमाणित गराउनको लागि सो व्यक्तिलाई चौबीस घण्टाभित्र नजीकको जिल्ला अदालतमा लैजानु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरवालाको बयान प्रमाणित गराउन ल्याएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित न्यायाधीशले त्यस्तो बयान पढी बाँची सुनाई निजले भने बमोजिम लेखिएको भएमा सोही ब्यहोरा र भने बमोजिम नभएमा के कति कुरा फरक छ सो ब्यहोरा उल्लेख गरी प्रमाणित गरी दिनु पर्नेछ ।

७. प्रमाण पुऱ्याउने भार: (१) कुनै स्वास्नीमानिसलाई निजको अभिभावक वा नजीकको नातेदार वाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेच-बिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजूर परेमा त्यस्तो उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।



३१८ ३१९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ६ को उपदफा (२) बमोजिम अदालतद्वारा प्रमाणित बयानमा उल्लिखित कुरा झुट्ठा हो भन्ने प्रमाण अभियुक्तले पुऱ्याउनु पर्नेछ ।

८. दण्ड सजायः (१) मानिस बेच-बिखन गर्ने व्यक्तिलाई दश वर्षदेखि बीस वर्षसम्म कैद हुनेछ ।

(२) मानिसलाई बेच-बिखन गर्ने उद्देश्यले विदेश लैजाने व्यक्तिलाई पांच वर्षदेखि दश वर्षसम्म कैद हुनेछ ।

(३) स्वास्नीमानिसलाई ललाई-फकाई वा कुनै प्रलोभन दिई वा झुक्याई वा डर त्रास वा दवावमा पारी वा अन्य कुनै तरीकाले वेश्यावृत्तिमा लगाउने व्यक्तिलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ ।

(४) जिउ मास्ने बेच्ने कार्य गर्नको लागि परिपञ्च मिलाउने वा त्यस्तो कार्य गर्नमा सहयोग पुऱ्याउने वा त्यस्तो कार्यमा लाग्न कसैलाई दुरुत्साहन गर्ने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद हुनेछ ।

(५) मानिस बेच-बिखन गरेकोमा किन्नेको थैली भूस हुनेछ र बेच्ने व्यक्तिलाई उपदफा (१) मा लेखिएको सजाँयमा थप सो थैलीको बिगोबमोजिम जरीबाना समेत हुनेछ ।

९. सरकार वादी हुनेः यस ऐनअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची–१ मा परेको मानिनेछ ।

१०. थुनामा राखी कारवाई गर्न सकिनेः (१) प्रचलित नेपाल-कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनअन्तर्गतको कसूरसम्बन्धी मुद्दामा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने पर्याप्त र मनासिव कारण भएमा र सो सम्बन्धमा सरकारी वकीलको समेत कुनै जिकिर भए सो समेत खुलाई पर्चा खडा गरी अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सकिनेछ ।



385 008

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम थुनामा राखी पुर्पक्ष गरेकोमा अभियुक्तको चित्त नबुझेमा निजले मुद्दा हेर्ने अधिकारी मार्फत पुनरावेदन सुन्ने अदालतमा उजूरी दिन सक्नेछ। मुद्दा हेर्ने अधिकारीले पनि त्यस्तो उजूरी र थुनामा राख्ने पर्चा तीन दिन-भित्र पुनरावेदन सुन्ने अदालतमा पठाई सो अदालतबाट भएको आदेशबमोजिम गर्नु पर्नेछ ।

११. यसै ऐनबमोजिम हुने: मुलुकी ऐन जिउ मास्ने बेच्नेको महलमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम हुनेछ ।

१२. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति:– २०४३।७।२४।२

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. १६

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।